प्रतिदिन १८ औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१८ ।। अङ्क : ००८ ॥ २०८२ माघ २४ गते शनिबार (7th Feb 2026 Saturday) Pratidin National Daily मूल्य-रु.५/-

# वडामा हजारका दरले मत बढाए बालेनको जित निश्चित



झापा, माघ २३ । झापा ५ मा निर्वाचन जित्न राष्ट्रिय स्वतन्त्र पार्टीका बालेन शाहले प्रत्येक वडामा हजारका दरले मत बढाउन आवश्यक देखिएको छ ।

अघिल्लो निर्वाचन २०७९ मा रास्वपाले पाएको समानुपातिक मतलाई हेर्दा झापा ५ मा रहेका २९ वटा वडामध्ये प्रत्येक वडाबाट करिव हजारका दरले मत बढाउन सके बालेनको जित सुनिश्चित देखिएको हो । अघिल्लो निर्वाचनमा झापा ५ मा रास्वपाले एमालेपछि दोश्रो स्थानमा समानुपातिक मत ल्याएको थियो । एमालेले ३५ हजार ८७२ समानुपातिक मत ल्याउँदा रास्वपाले १८ हजार २०५ मत ल्याएको थियो । त्यस्तै कांग्रेसले १६ हजार ८५९ , माओवादी केन्द्रले ८ हजार ६८० र राप्रपाले ७ हजार ३७० मत समानुपातिक मत ल्याएका थिए । अघिल्लो निर्वाचनमा पाएको मतमा २९ हजारको हाराहारीमा मत थप्न सके करिव ४७ हजार मतसहित बालेनको जित निश्चित हुने एकजना विश्लेषकले बताएका छन् । बालेनले २९ हजार मत ल्याउन प्रत्येक वडाबाट एक-एक हजारको दरले मत थपेर ल्याउन आवश्यक रहेको ती विश्लेषकको भनाई छ ।

अघिल्लो २०७९ को निर्वाचनमा झापा ५ बाट अध्यक्ष केपी ओली ५२ हजार ३१९ मत प्राप्त गरी विजयी भएपनि एमालेको वास्तविक मत ३५ हजार ८७२ मात्र हो । बाँकी मत अरु दलबाट आएको थियो । आफूहरुले १२ हजार मत ओलीलाई दिएको राप्रपाबाट निर्वाचित दमक नगरपालिकाका नगर प्रमुख राम थापाले दावी गरे । त्यस निर्वाचनमा एमाले र राप्रपाले चुनावी तालमेल गरेका थिए ।

अर्कोतर्फ कांग्रेस र माओवादीले पनि चुनावी तालमेल गरेका थिए । आफ्नै दलीय गठबन्धनलाई मन नपराउँदा कांग्रेस र माओवादीको मत पनि ओलीलाई गएको थियो । जसका कारण पूर्व प्रधानमन्त्री एवम् एमाले अध्यक्ष ओली फराकिलो मतान्तरले विजयी बनेका थिए । गठबन्धनको तर्फबाट उम्मेदवार रहेका कांग्रेसका खगेन्द्र पाण्डव अधिकारीलाई पराजित गर्दै दोब्बरभन्दा बढी अर्थात २८ हजार ५७६ मतान्तरले अध्यक्ष ओली विजयी बनेका थिए । अघिल्लो पटक २०७४ मा पनि ओलीले कांग्रेसका अधिकारीलाई नै दोब्बर मतान्तरले पराजित गरेका थिए ।

२०७९ मा एक लाख २ हजार १५० खसेको मतमध्ये ९८ हजार ६३१ मत सदर भएकोमा ओलीले ५२ हजार ३१९ मत प्राप्त गरेका थिए भने अधिकारीले २३ हजार ७४३ मत ल्याएका थिए । राष्ट्रिय स्वतन्त्र पार्टीका सुरेशकुमार पोखरेलले ११ हजार ७४८ मत प्राप्त गरेका थिए ।

झापा ५ मा एमालेको मत घट्दो छ भने रास्वपाको मत बढ्दै गएको देखिएको छ । आफूहरुले खसेको मतको ७० प्रतिशत मत हासिल गरी निर्वाचन जित्ने रास्वपाका झापा क्षेत्र नं ५ का निर्वाचन परिचालन समिति संयोजक भेषराज भट्टराईले बताए । दमक नगरपालिकासंगै गौरादह , गौरीगञ्ज र कमलमा बालेनको पक्षमा राम्रो माहौल बनेको उनले दावी गरे ।

झापाका पाँचवटा निर्वाचन क्षेत्रमध्ये सबैभन्दा बढी मतदाता क्षेत्र नम्बर ५ मा रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । कार्यालयका प्रमुख तुलसी नेपालका अनुसार यसपटक थपिएका ५० हजार नयाँ मतदातासहित जिल्लामा सात लाख १३ हजार ५३७ मतदाता रहेका छन् ।

उनले क्षेत्र नम्बर ५ मा मात्र ८१ हजार ८१ पुरुष, ८२ हजार २९६ र अन्य दुई गरी एक लाख ६३ हजार ३७९ मतदाता रहेको जानकारी दिएका छन् ।

## चुनाव प्रचारका लागि बालेन फर्किएपछि ओली आए

झापा, माघ २३ । झापा ५ मा रास्वपाका उम्मेदवार बालेन शाह चुनाव प्रचार गरिसकेर फर्किएपछि एमालेका उम्मेदवार केपी ओली आएका छन् ।

आगामी निर्वाचनका लागि झापा ५ मा उम्मेदवार बनेका एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री ओली शुक्रवार दिउँसो काठमाडौबाट झापा आइपुगेका हुन् । दिउँसो ३:१० बजे चन्द्रगढी बिमानस्थलमा काठमाडौंदेखि यति एयरलाइन्सको उडानमा ओलीसहित १२ सदस्यीय टोली आइपुगेको हो । उनी बा १८ च ४८४५ नं. को गाडीमा दमकतर्फ प्रस्थान गरेका छन् ।


ओलीको स्वागतका लागि चन्द्रगढी बिमानस्थल परिसरमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, कोशी प्रदेशका खानेपानी, सिंचाइ तथा ऊर्जा मन्त्री चिन्तन पाठक, पार्टीका नेता, कार्यकर्ताहरु उपस्थित थिए । उनले एक सातासम्म आफ्नो निर्वाचन क्षेत्रमा मतदाता भेट्ने कार्यक्रम रहेको छ । गत सोमवार साँझ चन्द्रगढी विमानस्थलबाटै बालेन शाह झापा ५ पुगेका थिए । उनले झापा ५ का ग्रामीण क्षेत्रहरु गौरादह , गौरीगञ्ज र कमलमा मतदाताहरुसंग प्रत्यक्ष भेटघाट गरेका थिए । लगातार निर्वाचन जितेर पकड बनाएको ओलीको क्षेत्रलाई बालेनले भत्काउँदै लगेका छन् । जसका कारण ओलीलाई आफ्नो साविक मत जोगाउन चुनौती रहेको छ ।

झापा- ५ मा ओली र बालेनसहित कांग्रेसबाट मन्धरा चिमरिया, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बाट रञ्जित तामाङ, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट लक्ष्मीप्रसाद संग्रौलालगायतका उम्मेदवार चुनावी मैदानमा छन् ।

# एमबीबीएस पढ्ने सिनियर छात्रले गरे जुनियर छात्राको बाबुको हत्या

झापा, माघ २३ । धरानमा एमबीबीएस अध्ययनरत सिनियर छात्रले एउटै कलेजमा पढ्ने जुनियर छात्राका बुबा भद्रपुरका खेमराज ढकाललाई सिरिन्ज प्रहार गरी हत्या गरेको खुलेको छ । बि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान घोपामा एमबीबीएस चौथो वर्षमा अध्ययनरत सिरहा बिष्णुपुर गाउँपालिका वडा नं. १ स्थायी घर भएका २६ वर्षीय दिपेशकुमार सिंहले घोपामै एमबीबीएस तेश्रो वर्षमा अध्ययनरत जुनियर छात्राका बुवा भद्रपुर नगरपालिका वडा नं. १० त्रिवेणी टोल बस्ने ६६ वर्षीय खेमराज ढकाललाई बिहीवार साँझ सिरिन्ज प्रहार गरी हत्या गरेका हुन् ।

बिहीवार साँझ ६;२० बजे खेमराज ढकाल परिवारसंग आफ्नै घरमा बसिरहेको अवस्थामा दिपेशकुमार सिंहले आफूसंगै ल्याएको केमिकल लोड गरिएको सिरिन्जले एक्कासि ढकालको घाँटीमा प्रहार गरेका थिए । गम्भीर घाइते ढकाललाई उपचारको लागि भद्रपुरस्थित ओमसाई पाथिभरा अस्पतालमा पुऱ्याई चेकजाँचपश्चात् चिकित्सकले मृत घोषणा गरेका थिए । घटनालगत्तै प्रहरीले सिंहलाई पक्राउ गरेको छ । तरल पदार्थ भरिएको सिरिन्जले पीडितको घाँटीमा प्रहार गरिएको थियो । तरल पदार्थमा के कुन तत्वहरु मिसिएको हो ल्याब परीक्षणपछि मात्र थाहा हुने जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्रबहादुर खड्काले बताए ।



सिंह बिहीवार बिहान पनि मृतक ढकालको घर पत्ता लगाई अवकाश प्राप्त शिक्षक चाहिएको छ खोजिदिनुपर्यो भनी बहाना बनाई घरमा आएका थिए । मृतकका छोरी घोपामा एमबीबीएस तेश्रो वर्षमा अध्ययनरत रहेकीले उनीहरुबीच सामान्य चिनाजान रहेको बुझिएको छ । ८/९ महिना अगाडि पनि ढकालकी छोरीको बदनाम गर्ने नियतले सिंहले फोटोहरु इडिट गरि पठाएका थिए । उनीबिरुद्ध इलाका प्रहरी कार्यालय धरानमा उजुरी गरेको पीडितले बताएकी छन् । हत्यामा संलग्न सिंहलाई मुलुकी अपराध संहिता २०७४ को ज्यान सम्बन्धी कसूरअन्तर्गत कार्वाही तथा अनुसन्धान हुने डीएसपी खड्काले जानकारी दिएका छन् ।

# वरिष्ठ साहित्यकार थापाको १० वटा कृतिमाथि एउटै मंचमा परिचर्चा

बिर्तामोड, माघ २३ । वरिष्ठ साहित्यकार दिलबहादुर थापाको विभिन्न १० वटा कृतिहरुमाथि एउटै मंचमा परिचर्चा गरिएको छ । दिलबहादुर थापा परिवारको आयोजना तथा झापाली साहित्य समाजको संयोजनमा महेन्द्र रत्न माध्यमिक विद्यालय बिर्ताबजारको सभाहलमा भएको कार्यक्रममा थापाले प्रकाशित गरेका कृतिहरुमाथि परिचर्चा गरिएको हो ।

बिर्तामोड ३ निवासी थापाले प्रकाशित गरेका कृतिहरुमा गीत ,



मोबाइल, मानवेत्तर(पशुपंक्षी ), सन्तान सुधार्ने सुत्रहरु , जिज्ञाशा , जीवन जिउने जुक्ति , अचम्मको मान्छे , अन्जानहरु , सन्तानप्रतिको दायित्व , असल अभिभावकत्व रहेका छन् । ती कृतिहरुमाथि प्रा. डा. अन्जना भट्टराई,डा. छायाँदत्त न्यौपाने,डा. व्यञ्जना शर्मा,वरिष्ठ गायक डा. टीका भण्डारी,गोमेन्द्र कलेजका संस्थापक प्रिन्सिपल डा. रूपक खनाल,डा. ठाकुरप्रसाद सिग्देल, डा. गंगा अधिकारीलगायतले परिचर्चा गरेका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिचरण सिवाकोटीको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि वरिष्ठ साहित्यकार प्रा. डा. गोविन्दराज भट्टराई रहेका थिए ।

कार्यक्रममा प्रमुख वक्ताका रूपमा रहेकी प्रा. डा. अन्जना भट्टराईले थापाको कृतिमाथि गहन समीक्षा प्रस्तुत गरेकी थिइन् ।समीक्षाका क्रममा उनले थापाका सिर्जनाले समाजको यथार्थ चित्रण गर्नुका साथै नेपाली साहित्यमा विशिष्ट स्थान राख्ने उल्लेख गरिन् । सोही अवसरमा कार्यक्रमका विशेष अतिथिहरूलाई दोसल्ला ओढाएर मालासहित सम्मान गरिएको थियो। आयोजकका तर्फबाट मोहन थापाले स्वागत मन्तव्य राखेको कार्यक्रममा झापाली साहित्य समाजका सचिव विवेक निशानीले कार्यक्रमको उद्देश्य र औचित्यमाथि प्रकाश पारेका थिए । कार्यक्रममा पूर्वमन्त्री खगेन्द्र प्रसाईं, साहित्यकारहरु भवानी क्षेत्री, प्रेमप्रकाश फलाहारी, राजेन्द्र प्रसाईं, रिखिराम बराल, कृष्णमणि अधिकारी, प्रहरी चौकी बिर्ताबजारका अध्यक्ष वीरेन कोइराला, विद्यालयका प्रधानाध्यापक खड्गप्रसाद खरेललगायतको उपस्थिति थियो। यस्तै, भूतपूर्व विद्यार्थी समाजका अध्यक्ष मदनगोपाल सुब्बा, गोपीकृष्ण प्रसाईं, मोहन पौडेल, पुण्यप्रसाद भट्टराई, विष्णु मैनाली, लक्ष्मीप्रसाद आचार्य, गोविन्द सिटौला, अर्जुन भण्डारीसहित शिक्षक, शिक्षिका, विद्यार्थी र साहित्यप्रेमीहरूको बाक्लो उपस्थिति रहेको थियो।

कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
**यातायात व्यवस्था कार्यालय**
झापा, कोशी नेपाल

**सवारी साधन भाडामा लिने सम्बन्धि सूचना**
( प्रथम पटक प्रकाशित मिति २०८२/१०/२४)

यस कार्यालयलाई कार्यलयका कर्मचारीहरुले प्रयोग गर्ने गरी चालक सहित पाँच सिट क्षमता भएको चार चक्के कार भाडामा लिनु पर्ने भएको हुँदा ईच्छुक फर्म, कम्पनी व्यक्तिले कार्यलयबाट कार्यलय समयमा शुल्क दरभाउ फारम बुझि लिई आवश्यक विवरण भरि ७ (सात दिन) भित्र कार्यलय समयमा यस कार्यालयमा दर्ता गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

प्रेम प्रसाद सापकोटा
कार्यालय प्रमुख



# बैतडी दुर्घटनामा १३ जनाको मृत्यु

धनगढी । बैतडी बस दुर्घटनामा सहोदर दाजुभाइ, भतिज र छोरी ज्वाइँसहित १३ जनाको मृत्यु भएको छ।

दुर्घटनामा ज्यान गुमाउने नरेन्द्रराज जोशी र विष्णुदत्त जोशी सहोदर दाजुभाइ हुन्। उनीहरू बेहुलाका सहोदर काका हुन्। नरेन्द्रराज बित्थडचिर गाउँपालिकाका प्राविधिक सहायक हुन् भने विष्णुदत्त बित्थ्यडचिरकै महादेव माध्यमिक विद्यालयका शिक्षक हुन्। यस्तै घटनामा ज्यान गुमाउने वसन्तराज जोशी, मृतक नरेन्द्रराज र विष्णुदत्तका माइलो दाजुको जेठो छोरा हुन्। वसन्तराज कृषि प्राविधिक पदमा कार्यरत थिए।

घटनामा ज्यान गुमाउने बझाङको जयपृथ्वी नगरपालिका-७ का वसन्तराज रताला मृतक वसन्तराज जोशीका सहोदर भिनाजु हुन् भने मोहनदेव भट्ट र केशवराज भट्ट बुवा-छोरा हुन्। अन्य मृतक तथा घाइतेहरू पनि बेहुलाका आफन्त र इष्टमित्र रहेको बताइएको छ।

घटनामा बेहुलाका एक काकाको खुट्टा भाँचिएको छ भने ठूलो बुवा पनि घाइते भएका छन्। घटनामा ज्यान गुमाउने बित्थडचिर ठेगाना भएका व्यक्ति एउटै गाउँका आफन्त र बाँकी इष्टमित्र रहेको बुझिएको छ। यस्तै, सोही दुर्घटनामा ज्यान गुमाउने १४ वर्षीय किशोर सुशील जोशी बेहुलीका भाइ हुन्।

घटनामा ज्यान गुमाउनेमा पुर्चौडी-७ र बझाङको बित्थडचिरका बेहुला परिवारका आफन्त र इष्टमित्र रहेको बताइएको छ।

बैतडीको पुर्चौडी नगरपालिका-७ स्थित बडूगाउँ मोडमा जन्ती बोकेको बस दुर्घटना हुँदा १३ जनाको ज्यान गएको छ। बैतडीको पुर्चौडी नगरपालिका-७ भवनेबाट जन्ती लिएर बझाङको सुनकुडातर्फ फर्किरहेको बस बिहीवार अपराह्न ७:३० मा दुर्घटनामा परेको हो।



जन्ती बोकेको पवनदूत यातायातको सुप प्र ०२-००१ ख ११११९ नम्बरको बस सडकबाट करिब २०० मिटर तल खसेको जिल्ला प्रहरी कार्यालय बैतडीका सूचना अधिकारी प्रहरी निरीक्षक भानदेव बडूले जानकारी दिए। दुर्घटनामा १८ महिला र २७ पुरुष गरी जम्मा ४५ जना घाइतेको उद्धार गरिएको थियो। घाइतेहरूलाई उपचारका लागि कोटीला स्वास्थ्य चौकी पठाइएको थियो । गम्भीर घाइतेलाई थप उपचारका लागि डडेल्धुरा रिफर गरिएको छ।

दुर्घटनामा परेर घटनास्थलमै तथा उपचारको क्रममा ज्यान गुमाउनेहरूमा बझाङ बित्थडचिर गाउँपालिका-७ का ४० वर्षीय केशब राज जोशी, १३ वर्षीय अशोकराज जोशी, ३५ वर्षीय बसन्त जोशी, ४१ वर्षीय विष्णु दत्त जोशी, ४२ वर्षीय नरेन्द्रराज जोशी, १८ वर्षीय विसनदत्त जोशी, २७ वर्षीय दिपकराज जोशी, ४५ वर्षीय किसनदत्त जोशी, बझाङ केदारस्यु गाउँपालिका निवासी ६० वर्षीय मोहन देव भट्ट र केशवराज भट्ट, बझाङ जयपृथ्वी नगरपालिका-७ का ४० वर्षीय बसन्त राज रतला तथा बैतडी पुर्चौडी नगरपालिका-७ की ४० वर्षीया पुष्पा अवस्थी र १४ वर्षीय किशोर सुशील जोशी रहेका छन्।

घटनास्थलमै ६ जनाको, कोटिला स्वास्थ्य चौकीमा दुई जना तथा डडेल्धुरा अस्पताल ल्याउँदै गर्दा थप ५ जनाको ज्यान गएको बैतडी प्रहरी प्रवक्ता भानदेव बडूले बताए। उनका अनुसार पाँच जना गम्भीर घाइतेलाई डडेल्धुराबाट धनगढी रिफर गरिएको छ भने २५ जनाको डडेल्धुरामा उपचार भइरहेको छ। यस्तै चार जनाको बझाङको देउलेक स्वास्थ्य केन्द्र र बस चालकको बैतडीको पाटनमा उपचार भइरहेको छ।

दुर्घटनाको जानकारी पाएलगत्तै पुर्चौडी र ढोल्यामोडबाट नेपाल प्रहरीको टोली खटिएको थियो भने पाटनबाट सशस्त्र प्रहरी बलका डीएसपी शंकर धामीको नेतृत्वमा टोली घटनास्थल पुगेको थियो। स्थानीय बासिन्दाहरूले पनि उद्धार कार्यमा सहयोग गरेका थिए। बेहुली लिएर बझाङ फर्किने क्रममा जन्ती बोकेको बस दुर्घटनामा परेको हो। उकालो घुम्तीमा ओभरलोडका कारण बस खसेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ। जन्तीको बस दुर्घटना हुँदा बैतडीको पुर्चौडी नगरपालिका र बझाङको बित्थडचिर गाउँपालिका शोकमा डुबेको छ।

# आसाम इन्डो नेपाल टी-२० च्याम्पियनसीपको सेमिफाइनलमा

भद्रपुर,माघ २३ । भारत आसामको रायनोल्याण्ड क्रिकेट क्लव झापाको भद्रपुर-८ स्थित मेची बहुमुखी क्याम्पसको क्रिकेट मैदानमा जारी इण्डो-नेपाल टी-२० च्याम्पियनसीपको सेमिफाइनलमा प्रवेश गरेको छ ।

समूह ए अन्तर्गत शुक्रवार भएको पहिलो खेलमा आयोजक भद्रपुर क्रिकेट क्लवलाई ५ विकेटले पराजित गर्दै लगातार तीन जितका साथ आसाम सेमिफाइनलमा प्रवेश गरेको हो । टस जितेर पहिलो ब्याटिङ रोजेको भद्रपुरले निर्धारित २० ओभरमा ८ विकेट क्षतिमा १३७ रन बनायो । जवाफमा आसामले ५ विकेट क्षतिमा एक बल बाँकी रहँदा १३८ रनको लक्ष्य पूरा गरेको थियो । आसामका लागि अन्तिम बलमा एक रन आवश्यक थियो । भद्रपुरका बलर दीपक बोहोराको अन्तिम बल वाइड भएपछि आसामको जित सुनिश्चित भएको थियो ।



ब्याटिङतर्फ भद्रपुरका कप्तान अंकित सुवेदीले ४६ बलमा ५० रन बनाए भने आसामका तर्फबाट कप्तान निविर डेकाले विष्फोटक पारी खेल्दै ४६ बलमा ७२ रनको योगदान दिए ।

बलिङतर्फ आसामका लागि प्राञ्जल भारालीले ४ ओभरमा २७ रन खर्चिएर सर्वाधिक ३ विकेट लिए भने भद्रपुरका तर्फबाट भुवन कार्कीले ११ रन खर्चिएर २ विकेट लिए ।

खेलको म्यान अफ द म्याच ७२ रन बनाएका विजेता टिमका कप्तान निविर डेका भए । उनले ११ हजार नगद पुरस्कार प्राप्त गरे । उनलाई पुरस्कार सौजन्यदाता प्रभा ढकालले पुरस्कार प्रदान गरिन् ।

यसैगरी, शुक्रवार नै समूह ए अन्तर्गत नै भारतको नयाँ दिल्ली र नेपालको काठमाडौँबीच प्रतिस्पर्धा भएको छ । खेलमा काठमाडौँले नयाँ दिल्लीलाई ७ विकेटले हराएको छ । यो जितसँगै काठमाडौँले सेमिफाइनलको संभावनालाई जीवितै राखेको छ भने दिल्लीलाई भोलि हुने भद्रपुरसँगको खेल जित्नैपर्ने दवाब बनेको छ ।

पहिलो ब्याटिङ गर्दै १८.१ ओभरमा अलआउट हुँदै दिल्लीले दिएको ९६ रनको सामान्य लक्ष्य काठमाडौँले ३ विकेटको क्षतिमा ११.४ ओभरमा पूरा गर्‍यो ।

काठमाडौँलाई जित दिलाउन कप्तान इशान पाण्डेले २४ बलमा ४० रनको योगदान दिए भने दिल्लीलाई सस्तैमा समेट्न बलिङतर्फ रुपेश श्रीवास्तव र कमल साहीले ४ ओभर खर्चिएर समान ३ विकेट लिए ।

दिल्लीका तर्फबाट ब्याटिङमा मयंक मल्लिकले ३७ रनको योगदान दिए भने सबाकरिमले २ विकेट लिए । बलिङमा पनि २ विकेट लिएका काठमाडौँका कप्तान पाण्डे खेलको म्यान अफ दि म्याच भए । उनले ११ हजार नगद पुरस्कार प्राप्त गरे ।

# माटोको ढिस्कोले पुरिएर एनसेलका कामदारको मृत्यु



झापा, माघ २३ । झापाको शिवसताक्षीमा माटोको ढिस्कोले पुरिएर एकजनाको मृत्यु भएको छ । शुक्रवार दिउँसो २.१० बजे शिवसताक्षी ११ सतासी खोलाको शाखा कल्भर्टमा एनसेलका कामदार सिरहा लाहान बस्ने अन्दाजी बर्ष ३५ का रमेशकुमार यादवको माटोको ढिस्कोले पुरिएर मृत्यु भएको हो । फाईवर जडान गर्नलाई बनाएको जमिनमुनिको खाल्डोमा पसेर काम गरिरहेको अवस्थामा एक्कासि छेउको माटोको ढिस्को भत्किएर उनी पुरिएका थिए । घाइते यादवलाई स्थानीयको सहयोगमा एम्बुलेन्सद्वारा दमक अस्पताल दमक लगिएकोमा दिउँसो ३.३५ बजे उपचारको क्रममा उनको मृत्यु भएको हो । मृतकको शव सोही अस्पतालमा रहेको छ । घटनाबारे अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# बिर्तामोडमा जेनजी शहीदहरुको स्मृतिमा दीप प्रज्वलन

बिर्तामोड, माघ २३ । जेनजी शहीदहरुप्रति श्रद्धाञ्जली अर्पण गर्दै बिर्तामोडमा दीप प्रज्वलन गरिएको छ। भदौ २३ र २४ गते शहादत प्राप्त गरेका शहीदहरूको संझनामा शुक्रवार साँझ मुक्तिचोकमा दीप प्रज्वलन गरिएको हो।जेनजी शहीदहरुले शहादत प्राप्त गरेको शुक्रवार पाँच महिना पूरा भएको छ । मुक्तिचोकमा साँझ ६:३० बजेबाट सुरु भएको दीप प्रज्वलन कार्यक्रममा स्थानीय युवायुवती, सर्वसाधारण तथा सामाजिक अभियन्ताहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। सहभागीहरूले हात- हातमा दीप प्रज्वलन गर्दै शहीदहरूको योगदानको स्मरण गरेका थिए।



कार्यक्रमका सहभागीहरूले राष्ट्र र लोकतन्त्रका लागि आफ्नो जीवन उत्सर्ग गर्ने शहीदहरूको सम्मान गर्दै उनीहरूको सपना पूरा गर्न सबै एकजुट हुनुपर्ने धारणा व्यक्त गरे। दीपको उज्यालोले शहीदहरूको बलिदान कहिल्यै नबिर्सने सन्देश दिएको आयोजकहरूको भनाइ छ।- प्रकाशचन्द्र दाहाल

# झापा गोल्डकपको सातौं संस्करणको तयारी पूरा

बिर्तामोड । आजदेखि फागुन ४ गतेसम्म सञ्चालन हुने झापा गोल्डकपको सातौं संस्करणको तयारी पूरा गरिएको छ ।

विर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा सञ्चालन हुने फुटबल प्रतियोगिताको तयारी पूरा भएको शुक्रवार रंगशालामा पत्रकार सम्मेलन गरी आयोजकले जानकारी दिएको हो ।

'एक्स्ट्रिम सातौं झापा गोल्डकप विनोद बस्नेत स्मृति संस्करण अन्तर्राष्ट्रिय आमन्त्रण नकआउट फुटबल प्रतियोगिता'का रूपमा आयोजना गरिने झापा गोल्डकपका अध्यक्ष केदार गिरीले बताए ।

मोफसलकै प्रतिष्ठित फुटबल प्रतियोगिताको रूपमा चिनिएको प्रतियोगिताको विजेताले नगद १५ लाख रुपैयाँ र उपविजेताले ७ लाख ५० हजार रुपैयाँ पुरस्कार पाउनेछन् ।

त्यस्तै उत्कृष्ट खेलाडी (मस्ट भ्यालुएबल प्लेयर) लाई मोटरसाइकल प्रदान गरिने आयोजकले जनाएको छ ।

यसैगरी सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोलकिपर र उत्कृष्ट प्रशिक्षकले जनही ३५ हजार रुपैयाँ पुरस्कार पाउनेछन् ।

प्रत्येक खेलको 'प्लेयर अफ द म्याच' लाई २१ हजार रुपैयाँ प्रदान गरिने पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

विधागत पुरस्कारको प्रायोजन अमेरिका निवासी रोशनलाल श्रेष्ठसहितको टोलीले गरेको छ ।

प्रतियोगितामा विभागीय टोली त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, एपीएफ क्लब, मछिन्द्र क्लब, चर्च ब्वाइज,लालीगुँरास क्लब पोखरा, रोयल थिम्पु कलेज भुटान, सिंग्लिङ स्पोर्ट क्लब भारत, एन पेनाङ फुटबल क्लब मलेसिया र आयोजक टिम झापा ११ सहित स्वदेशी र विदेशी गरी १० वटा टोलीको सहभागिता रहनेछ ।

२०७२ सालदेखि झापालाई फुटबल हबका रूपमा विकास गर्ने लक्ष्यसहित प्रतियोगिता सञ्चालन हुँदै आएको छ । पूर्वी नेपालका फुटबलप्रेमी दर्शकमाझ लोकप्रिय मानिने प्रतियोगिता प्रत्यक्ष प्रसारणमार्फत देश तथा विदेशका दर्शकले अवलोकन गर्दै आएका छन् । भरिभराउ रंगशाला, अनुशासित दर्शक संस्कृति र प्रतिस्पर्धात्मक खेलस्तर प्रतियोगिताको विशेषता रहने आयोजकको विश्वास छ ।

यस वर्ष झापाका एक जना पुराना फुटबल खेलाडीलाई नगद २५ हजारसहित सम्मान गरिने आयोजकले जनाएको छ ।

त्यस्तै रंगशालाको जग्गादाता डोमालाल राजवंशीकी छोरी सम्पत्ति राजवंशीलाई खेल उद्घाटनका दिन नगद एक लाख रुपैयाँ सहयोग प्रदान गरिने जनाइएको छ । त्यस्तै जग्गादाता डोमालाल राजवंशीको सालिक अनावरणसमेत गरिने भएको छ ।

प्रतियोगिता सञ्चालनका लागि एक करोड ५० लाख रुपैयाँ लागत अनुमान गरिएको आयोजकले जनाएको छ ।

प्रतियोगितालाई भव्य र व्यवस्थित रूपमा सम्पन्न गर्न स्थानीय प्रशासन, सुरक्षा निकाय, सरोकारवाला निकाय, प्रायोजक तथा स्वयंसेवकसँग आवश्यक समन्वय गरिसकिएको समितिका अध्यक्ष गिरीले जानकारी दिए ।

झापा गोल्डकपका वरिष्ठ उपाध्यक्ष गजेन्द्रवहादुर पौडेलले स्वागत गरेको कार्यक्रमको सञ्चालन सञ्चारकर्मी केशव भट्टराईले गरेका थिए ।

प्रतियोगिताका लागि खेल मैदान मर्मतको काम पनि सम्पन्न भएको छ भने बाँसको अस्थायी प्यारापिटसमेत निर्माण सम्पन्न भइसकेको छ । मञ्च सजावटसहित सम्पूर्ण तयारी पूरा भइसकेको आयोजक समितिका संयोजक गिरीले जानकारी दिए ।

सोही अवसरमा भद्रपुर झापा गोल्डकपका अध्यक्ष दिपेश ढकालले भद्रपुरमा रहेको गोल्डकपको प्रतीक मस्कट ट्रफी हस्तान्तरण गर्दै खेल सफलताको शुभकामना व्यक्त गरेका थिए ।


## सूचना माग्ने र पाउने मौलिक हकको रक्षा गरौं ।

- सार्वजनिक निकायले,
- आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राखु पर्दछ ।
- त्यस्ता सूचना आवधिक रुपमा प्रकाशन तथा प्रसारणको व्यवस्था गर्नु पर्दछ ।
- सूचना प्रवाह गर्न सूचना अधिकारी अनिवार्य तोकिनु पर्दछ ।
- सूचना अधिकारी सम्बद्ध निकायको दोस्रो वा तेस्रो वरियताको अधिकारी हुनु पर्दछ ।
- सूचना अधिकारीको नाम, पद, इमेल ठेगाना, मोवाइल नं. र तस्विर सबैले देखे गरी कार्यालयमा र वेब साइटमा राखु पर्दछ ।
- कसैले सूचना मागे कानूनबमोजिम तोकिएको अवधिभित्र सूचना उपलब्ध गराउनु पर्दछ ।
- नागरिकको सूचना माग्ने र पाउने हकको रक्षा गरौं, पारदर्शीता कायम गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड





## सम्पादकीय

# मिथ्या सूचना रोक

प्रतिनिधि सभा निर्वाचन नजिकिँदै गर्दा  मिथ्या सूचना बढ्दै गएको छ । खासगरी  सामाजिक संजाल मिथ्या संजालले विकृत बनेको छ ।  जसले  समाजलाई  भ्रम पारिरहेको छ ।  मूलतः निर्वाचनमा मिथ्या सूचनाको बढी नै दुष्प्रभाव बढ्ने गरेको हुन्छ । यस्तो दुष्प्रभाव नेपालमा मात्र होइन, अन्य कतिपय लोकतान्त्रिक मुलुकमा पनि देखिन्छ । त्यसको नियन्त्रणका निम्ति प्रयास पनि अगाडि बढाइएको हुन्छ । सामाजिक सञ्जालको बढ्दो विस्तारसँगै मिथ्या र भ्रामक सूचनाको पनि दुष्प्रभाव बढेको हो । त्यसैले पनि निर्वाचन आयोगले निर्वाचनलक्षित मिथ्या सूचना, भ्रामक प्रचार र घृणाजन्य अभिव्यक्तिमा निगरानी बढाएको जनाएको छ। यस्तो निगरानी बढाउनु जरुरी नै थियो । मिथ्या सूचनाले सही विषयलाई गलत र गलत विषयलाई सही हुने अवस्थामा समेत पुर्‍याउँछ । आयोगले निर्वाचनसँग सम्बन्धित त्यस्ता मिथ्या र भ्रामक सूचना सक्तलन, विश्लेषण गर्न थालेको छ । सम्बद्ध नियामक निकायमार्फत आवश्यक कारबाहीको प्रक्रिया अगाडि बढाएको छ। नियामक निकायसँगको सहकार्यमा आयोगले सूचना सदाचार एकाइ गठन नै गरेर काम गर्न थालेपछि अब मिथ्या सूचनामा बुझ्ो लाग्न सक्ने विश्वास पनि बढेको छ। डिजिटल प्लेटफर्ममार्फत प्रचार भइरहेका निर्वाचन आचारसंहिता प्रतिकूलका सामग्रीमा मिथ्या र भ्रामक सूचनाको आयतन बढ्दै गएको थियो । कृत्रिम बौद्धिकताले निर्माण गरेका दुष्प्रचारका सामग्रीसमेत बढ्दै जान थालेका थिए । निर्वाचन आयोगले थालेको पछिल्लो निगरानी संरचनाले स्वच्छ सूचना सम्प्रेषण हुँदै जाने विश्वास बढ्ने छ। त्यस क्रममा आयोगले हालसम्म १२० वटा कन्टेन्ट उत्पादक/सम्प्रेषकलाई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐनबमोजिम कारबाहीका लागि नेपाल प्रहरीको साइबर ब्युरो पठाएको छ।

आयोगले अन्य नियमनकारी निकायलाई पनि जिम्मेवारी हस्तान्तरण गरेको छ । छ वटा घटनालाई दूरसञ्चार प्राधिकरण ऐनबमोजिम आवश्यक कारबाही गर्न नेपाल दूरसञ्चार प्राधिकरणमा पठाइएको छ। मिडिया र पत्रकारको आवरणमा पनि मिथ्या सूचना दिने गरिएको देखिन्छ। त्यस क्रममा १५ वटालाई प्रेस काउन्सिल ऐनबमोजिम कारबाहीका लागि प्रेस काउन्सिल नेपालमा पठाएको छ । निर्वाचन आयोगले ३४ वटालाई निर्वाचन आचारसंहिता, २०८२ बमोजिम कारबाहीका लागि केन्□ीय आचारसंहिता अनुगमन समितिमा पठाएको छ।  मिथ्या सूचनालाई नियन्त्रण नगरे यसले मतदानलाई प्रभावित पार्न सक्ने छ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# दलका घोषणापत्रमा शिक्षा



• प्रेमनारायण भुसाल

चुनाव नजिकिएसँगै राजनीतिक दल घोषणापत्र तयार गर्न जुटेका छन् । विगतका घोषणापत्रलाई पार्टीले कार्यान्वयन गर्नुभन्दा निर्वाचनका बेलाको मौसमी औजारका रूपमा मात्र लिने गरेको देखिन्थ्यो । अझ चुनावअघि गठबन्धन गर्ने दलले नतिजा प्रकाशन भएपछि नयाँ गठबन्धन निर्माण गर्ने प्रवृत्ति बढ्दै जाँदा घोषणापत्रको महत्व झनै ओझेलमा पर्दै आएको थियो ।

लोकतान्त्रिक राज्यमा घोषणापत्र हेरेर नागरिकले मतदान गर्ने अवस्था सिर्जना हुनु पर्छ । यस किसिमको विश्वासको वातावरण सिर्जना गर्ने प्रमुख भूमिका राजनीतिक दलको नै रहने गर्छ । निर्वाचित दलले सरकार निर्माणपछि घोषणापत्रलाई सरकारको मार्गदर्शक नीति बनाउन सक्नु पर्छ । आमनागरिकमा जनचेतना बढ्दै जाँदा घोषणापत्रको महत्व झनै गहन बन्दै गएको छ तर उम्मेदवार घोषणापत्रबिना नै भोट माग्न पनि हतारिएका छन् । यसले मौसमी भाषण र आश्वासनका उधारा र चिल्ला कुरा बाँडेरै चुनाव जितिन्छ भन्ने पुरातनवादी सोचबाट दलहरू बाहिर निस्कनु पर्छ । एकातिर दलहरू घोषणापत्रको महत्व र गरिमा बोध गर्न चुकेको देखिन्छ भने अर्कातिर चुनावी सभामा होमिएको भिड आफ्ना उम्मेदवारलाई विकास निर्माणका के कस्ता आधार र योजना ल्याउनुभएको छ भनी प्रश्न गर्न उत्साहित नभएको देखिन्छ ।

निर्वाचन आयोग र अन्य सामाजिक संस्था तथा निकायले पनि घोषणापत्र मत माग्ने प्रमुख आधार र प्रतिबद्धता पत्र हो भन्नेबारे जनतालाई बुझाउनु पर्छ । जे होस् चुनावका मुखमा दलले जनतासामु पस्कने सपनाका रूपमा घोषणापत्रलाई लिने गरिन्छ । यसमा राजनीतिक परिवर्तनका चिल्ला र अवास्तविक कुरा मात्र राखिनु हुँदैन । स्वास्थ्य, शिक्षा र रोजगारी जस्ता महत्वपूर्ण पक्षमा यथार्थपरक र कार्यान्वयन गर्न सकिने नीति तथा कार्यक्रम समावेश हुनु पर्छ । सुशासन सबै दलको पहिलो मुद्दा हुनेमा कुनै शङ्का रहँदैन । सुशासनको मह□वपूर्ण आधारका रूपमा रहेको शिक्षा व्यवस्थापन कसरी गर्ने भन्ने कुरालाई पनि दलले घोषणापत्रमा सशक्त रूपमा स्थान दिनु पर्छ ।

हरेक दल शिक्षा सुधारका लागि प्रतिबद्ध हुनु पर्छ । स्वदेशमा रोजगारीका अवसर सिर्जना नहुने, विद्यालय र विश्वविद्यालयमा सिकेका कुरा व्यवहारमा कार्यान्वयन गर्न नसकिने वातावरणले युवा पुस्तामा निराशा र चिन्ता सिर्जना गरेको छ । यसकै परिणाम स्वरूप पछिल्लो समय पढ्नका लागि र उज्ज्वल भविष्य निर्माणका लागि विदेश नै जानु पर्छ भन्ने गलत भाष्य स्थापित भएको हो । देशको अन्तर्राष्ट्रिय विमानस्थलमा लागेको युवाको लर्कोले यसलाई पुष्टि गर्छ ।

विद्यालय शिक्षाका सन्दर्भमा दलहरूले संविधानमा रहेको अनिवार्य र निःशुल्क शिक्षाबारे स्पष्ट दृष्टिकोण अगाडि सार्नु पर्छ । संवैधानिक व्यवस्थाको उल्लङ्घन गर्न नसकिए पनि यसको सामयिक व्याख्या गरेर दलले शिक्षा सुधारमा आफूलाई स्पष्ट र अडिक रूपमा प्रस्तुत गर्न सक्नु पर्छ । हुन सक्छ, विद्यालय तहको शिक्षा संविधानमा उल्लेख भए जस्तै अनिवार्य र निःशुल्क गराउन सकिन्छ तर निःशुल्क र गुणस्तर पनि कायम गर्ने सन्दर्भमा नेपाली शिक्षा क्षेत्र असफल हुँदै आएको कटु यथार्थ पनि लुकाउन सकिँदैन । यसलाई व्यावहारिक र सान्दर्भिक तुल्याउन गुणस्तरीय शिक्षाका लागि सक्नेले तिर्ने र नसक्नेलाई पूर्णतः निःशुल्क प्रदान गर्न सकिने आधार तय गर्न सकिन्छ । अथवा फरक किसिमले स्रोत व्यवस्थापन गरेर माध्यमिक तहको शिक्षा निःशुल्क मात्र नभएर गुणस्तरीय पनि बनाउने आधारहरू सिर्जना गर्नु पर्छ । विद्यालय तहका शिक्षक व्यवस्थापन, विद्यालयको सीमाङ्कन, मर्ज तथा पुनर्संरचनाका विषयमा विज्ञको राय लिई दलले स्पष्ट धारणा घोषणापत्रमै प्रस्तुत गर्नु पर्छ ।

लहडका रूपमा च्याउ झैँ उम्रेका विश्वविद्यालय गुणस्तर कायम गर्नका लागि कति सक्षम छन् ? अनि उनीहरूले दिने सेवा र शिक्षा कत्तिको गुणस्तरीय छ भन्ने विषयमा पनि दलहरू सचेत हुनु पर्छ। विश्वविद्यालयमा प्रधानमन्त्री कुलपति बन्ने व्यवस्था हटाउँदैमा शिक्षामा सुधार आउने भन्ने कुरा हुँदैन । यसभित्र गुडुल्किएर रहेका अनेक पक्षलाई चिरफार गरेर राजनीतिक हस्तक्षेपरहित विशुद्ध प्राज्ञिक चिन्तनको स्थल बनाउने दूरदृष्टि दलले प्रस्तुत गर्न सक्नु पर्छ। ठुलो संख्यामा स्थापना भएका विश्वविद्यालयले दलसँग आस्था राख्ने केही व्यक्तिलाई व्यवस्थापन गर्नका लागि दायरा विस्तार त गरेको छ, सरकारले दलनिकट धेरै जनालाई उपकुलपति र अन्य उच्च पदमा नियुक्ति दिन पाएको छ तर यसले जनताको करबाट प्राप्त भएको रकम शिक्षाका नाममा गैरप्राज्ञिक क्षेत्रमा खर्च हुने बाटो पनि खोलिदिएको छ ।

विश्वविद्यालयको संख्या वृद्धि गर्दैमा गुणस्तर कायम हुँदैन भन्ने कुरामा दलहरूले घोषणापत्रमा आफ्ना धारणा र पुनर्संरचनाका कार्यदिशासमेत उल्लेख गर्नु पर्छ । उच्च शिक्षाको गुणस्तर वर्तमान युगको आवश्यकता हो । युवामैत्री, प्रविधिमैत्री, व्यावहारिक एवं सिपमूलक शिक्षालाई सुनिश्चित गर्न विश्व परिवेश र समसामयिक सन्दर्भलाई समेत आत्मसात् गरेर मौजुदा विश्वविद्यालयको मर्ज तथा कार्यक्षेत्र निर्धारण अहिलेको अपरिहार्य आवश्यकता हो । विश्वविद्यालयको संख्या वृद्धि गरेर पदाधिकारीहरूको संख्या त बढ्यो तर दिनानुदिन घट्दै गएका विद्यार्थी र बढ्दै गरेका विश्वविद्यालयका बिचमा कत्ति पनि सङ्गति वा तादात्म्य देखिँदैन ।
देशबाट बाहिरिने विद्यार्थीलाई स्वदेशमै गुणस्तरीय शिक्षा दिएर उत्पादनमुखी काममा लगाउन तथा देशका लागि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने दिशामा विश्वविद्यालयलाई केन्द्रित गराउनु पर्छ । विदेशी विद्यार्थीलाई समेत आकर्षित गरेर शैक्षिक हबका रूपमा विकास गर्न सके उच्च शिक्षाबाट नेपालले राम्रै आयआर्जन गर्न सक्ने सम्भावनासमेत रहेको छ तर यसका लागि स्थिर र दूरदृष्टि आवश्यक छ। दलले घोषणापत्रमा युवाको विदेश पलायन मात्र होइन, विदेशी विद्यार्थीलाई स्वदेशमा ल्याई गुणस्तरीय शिक्षा दिने तथा शिक्षाकै माध्यमबाट आयआर्जन गरेर विश्वविद्यालय स्वायत्त बन्न सक्ने वातावरण सिर्जना गर्नु पर्छ ।
नेपालका राजनीतिक र कूटनीतिक मुद्दामा राजनीतिशास्त्र विभाग, बजेट निर्माणमा अर्थशास्त्र विभाग, वैज्ञानिक आविष्कारका क्षेत्रमा विज्ञान विभाग, भाषा-साहित्य संस्कृतिका क्षेत्रमा मानविकी सङ्काय र शैक्षिक अध्ययन अनुसन्धान र पुनर्संरचनाका लागि शिक्षा सङ्काय राज्यका आधिकारिक र महत्वपूर्ण सल्लाहकार संस्था बन्न सक्नु पर्थ्यो । नेपालका सन्दर्भमा यी कुनै पनि विभाग राज्यका विज्ञ संस्थाका रूपमा रहन सकेका छैनन् । यी सबैमाथि राजनीति नै हाबी भएको देखिन्छ । विश्वविद्यालयमा प्राध्यापनरत प्राध्यापक विश्वविद्यालयलाई जागिर खाने ठाउँ र निजी क्षेत्रमा काम गर्ने प्रवृत्ति बढेको छ । उनीहरूलाई पूर्ण रूपमा अनुसन्धानमा संलग्न गराउने नीति तर्जुमा गर्नु आवश्यक छ। अन्तर्राष्ट्रिय मानिएका र ठुला विश्वविद्यालयमा प्राध्यापकहरूको अनुसन्धान कार्यबाटै विश्वविद्यालयले आयआर्जन गर्ने गरेको देखिन्छ। विश्वविद्यालयको रेटिङ राम्रो हुनका लागि त्यस विश्वविद्यालय अन्तर्गत के कस्ता अनुसन्धनात्मक कार्यहरू भए र ती कार्यको बजारमा के कस्तो विनिमय भयो भन्ने आधारमा हुने गरेको छ । हामीकहाँ भने यी कुनै पनि काम भएका छैनन् । यसैले त विश्वविद्यालय मात्र भौतिक संरचना र खोक्रा सैद्धान्तिक क्रियाकलापका पर्याय बनेका छन् । दलहरूले वर्तमानमा देखिएका यी तमाम समस्यालाई सम्बोधन गर्ने नीति घोषणापत्रमा अगाडि सार्नु पर्छ । राज्यले उपलब्ध गराउनुपर्ने स्वास्थ्य, रोजगारी जस्ता आधारभूत कुराको कसीका रूपमा रहेको शिक्षा सुधार गर्ने विषयलाई बेवास्ता गरेर घोषणापत्र निर्माण गरियो भने यसले देशलाई अगाडि बढ्न त दिने छैन, अरू सपना र आश्वासन पूरा गर्नका लागि समेत मार्ग प्रशस्त हुने अवस्था देखिँदैन ।

नेपाली राजनीति २००७ सालदेखि नै नारामा मात्र केन्द्रित रहेको सन्दर्भमा यस पटकको निर्वाचनका लागि तयार गरिने पार्टीका घोषणापत्रमा शिक्षालाई केन्द्रमा राखी सामाजिक रूपान्तरणको मुख्य तत्वका रूपमा शैक्षिक रूपान्तरणलाई प्रस्तुत गरिनु पर्छ। त्यसो भयो भने मात्र विद्यालय तहदेखि उच्च तहसम्मको शिक्षामा समयानुकूल सुधार ल्याउने ढोका खुल्ने छ । युवा जनशक्ति स्वदेशमै उत्पादनशील कार्यमा संलग्न भए मात्र विकासको काँचुली फेरिने छ । यसैले शिक्षा एउटा विषय मात्र नबनेर घोषणापत्रको प्रमुख पक्षका रूपमा समेटिनु पर्छ । गोपबाट

# सचेत मतदाता, सक्षम नेतृत्व



• पवित्रा गौतम

देशभर चुनावी लहर चलिरहेको समय छ। राजनीतिक दलहरू भोटका लागि जनताको घरदैलोमा पुगिरहेका छन्। देशमा राजनीतिक अस्थिरताका कारण जनता मत खसाल्न बाध्य भइरहेका छन्। तर कहिले देख्ने होला हामीले चाहेको जस्तो सुन्दर नेपाल ! यो त हामीजस्ता सोझा जनताको सपनामात्रै हो। देशमा रहेका प्रमुख पार्टी नेकपा एमाले, नेपाली कांग्रेस, रास्वपा, माओवादीसहित विभिन्न राजनीतिक दल र स्वतन्त्र उम्मेदवारले मनोनयन दर्ता गरी सबै चुनावी मैदानमा होमिएका छन्।
राजनीति दलहरूले युवालाई प्राथमिकतामा राख्दा सामाजिकसँगै व्यावसायिक जीवनमा प्रसिद्धि कमाएका उम्मेदवार पनि प्रतिनिधिसभा सदस्यका लागि प्रतिस्पर्धामा उत्रिएका छन्। निर्वाचन प्रजातन्त्रको आधारभूत जग हो। यसमा जनप्रतिनिधि छानिन्छन्। निर्वाचनबाट जनताले प्रतिनिधि पठाउने लोकतान्त्रिक पद्धतिमा अहिले फागुन २१ को निर्वाचनका लागि देशभित्र नेताको दौडधुप चलिरहेको हो। निर्वाचन जनताको तथा जनहितमा लागू हुने लोकतन्त्रको मजबुत र असल अभ्यास हो। निर्वाचनमा आचारसंहिताका कुरा मुख्य हुन्छन्। निर्वाचन भनेको जनताको फैसला हो। राजनीति र निर्वाचन विधिको शासनमा उभिएका लोकतान्त्रिक नीति हुन्।

हामी लोकतान्त्रिक राज्यका नागरिक हौं, लोकतान्त्रिक राज्यको मूल नीति नै राजनीति हो। राजनीतिक दल र उम्मेदवारबीच मधुर हार्दिकता र शालीनता हुनुपर्छ। दलका नेता-कार्यकर्ताबीच हार्दिकता भयो भने निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, मर्यादित र मितव्ययी तुल्याउन सकिन्छ। यसले देशमा लोकतान्त्रिक राजनीतिक संस्कारको विकास भएको देखाउँछ। यही नीतिको आधारमा अन्य नीतिका आधारहरू तय हुन्छन्। संसद् एउटा नीति नियम तय गर्ने सर्वोच्च संस्था हो। त्यसैले राजनीतिक नेताहरूले किल्लाका रूपमा राखेका आफ्ना क्षेत्रहरूमा विकास गर्ने संकल्प र प्रतिबद्धतालाई भुल्नु हुँदैन।
प्रतिनिधिले प्रतिशोध र पूर्वाग्राही तरिकाले विभिन्न आक्षेप लगाई राजनीतिमा आफू तानिन खोज्नु किमार्थ राम्रो होइन। जिल्लाका प्रत्येक वडा र टोलमा कार्यकर्ताको उत्साह उपस्थितिबिना नेताहरूको कुनै मूल्य देखिँदैन। अझ कार्यकर्ताले नै नेतालाई उनीहरूको उम्मेदवारी क्षेत्रमा उभ्याउन जिताउन सघाइरहेका हुन्छन्। नेता जनताको भरोसा र कार्यकर्ताबिना आफ्नो मूल्य तौलन सक्दैनन्। अब नेताहरूको पछि लागेका कार्यकर्ताहरूले पनि जनतासमक्ष सही र विवेकपूर्ण ढंगले जनमत जनविचारलाई बुझ्न र बुझाउन सहयोग गर्नुपर्दछ। प्रचारप्रसारको सन्दर्भमा एक पार्टीले अर्को पार्टीलाई आक्षेप नलगाई, कुनै गालीगलौजबिनै प्रचारमा जुट्न सकिन्छ। यसपालिको चुनावमा फेसबुक, ट्विटर आदि सामाजिक सञ्जालको भूमिका आक्रामकसँगै अराजक पनि बनेको छ। दल र उम्मेदवार हरूले सञ्जाललाई भरपूर प्रयोग गरेर चुनावी प्रचार गरिरहेका छन्। कतिपयले प्रयोगमात्रै गरेका छैनन्, दुरुपयोग पनि गरिरहेका छन्। सामाजिक सञ्जालमा व्यक्तिगत चरित्र हत्या गर्ने र साइबर क्राइमजन्य व्यवहारहरू प्रशस्त देखिन्छन्। अब दलहरूले सामाजिक सञ्जाल प्रयोग गर्ने आफ्ना कार्यकर्ताहरूलाई सभ्यरूपमा प्रस्तुत हुन सिकाउनै पर्छ। भाषण र प्रचार गर्ने क्रममा एकले अर्कोलाई होच्याउने, प्रतिशोध साँध्ने र पूर्वाग्रही तरिकाले बोल्ने काम गर्नु हुँदैन।
कतिपय ठाउँमा जनप्रतिनिधि जनतालाई झुक्याएर, घुस दिएर अथवा धम्क्याएर कुनै पद वा पैसाको लोभमा जबरजस्ती तिनको मत मागिरहेका हुन्छन्। जुन समाजमा अति घृणाको विषय हो। यहाँनेर मतदाताको राजनीतिक चेतना तथा शिक्षाको स्तर बढाउनुपर्ने देखिन्छ। जनतामा आशाभन्दा निराशा अथवा जनप्रतिनिधिसँग वितृष्णा बढ्दो देखिन्छ। पहिले आफैंले चुनेर पठाएका प्रतिनिधिले आफ्ना संकल्प तथा देखाएका सपनाहरू पूरा नगरी फेरि आफूलाई जिताउन घरदैलोमा पुगेको देख्दा भने उनीहरू आत्तिएका छन्। यस्तो अवस्थाबाट जनता आजित छन्। चुनावमा आफ्नो पोल्टोमा जित ल्याउन गाउँघर पुगेका जनप्रतिनिधि जित हासिल गरेपछि सहर छिर्छन्, गाउँका दुःख र आशाअपेक्षा बिर्सिदिन्छन्। जुन वास्तवमै तीतो सत्य र नमीठो यथार्थ हो। जनप्रतिनिधिले आफूलाई जिम्मेवार, जवाफदेहिताको भुइँबाट आफूलाई जनताले उठाएको भुल्नु राम्रो होइन।
अब जनताले पनि आफैंलाई प्रश्न गर्ने समय आएको छ। आर्थिक रूपान्तरण, सामाजिक रूपान्तरण तथा रोजगारीका विभिन्न अवसरको लोभमा उनीहरूलाई सजिलै फसाइरहेका छन् नेताले। त्यसैले जनताले लाभ लिन सक्ने आर्थिक अवसरको खोजी हुनुपर्दछ। जनप्रतिनिधिले जनतासामु पुगेर स्वयंले संवाद गरी विश्वास दिलाउने र मत माग्ने काम गर्नु नै लोकतन्त्रको असल अभ्यास हो। उम्मेदवारहरूले पनि जनतालाई मतदान गर्ने मेसिन सम्झिनु हुँदैन। उनीहरूलाई सुखद् भविष्यको ग्यारेन्टी गर्न सक्ने नेतृत्व चाहिएको छ। कमसल प्रतिनिधिलाई हराउनै पर्छ।



समाजले राजनीतिमा लागेका देशका लागि केही गर्न सक्छु भन्ने अब्बल युवा छनोट गर्न सक्नु पर्दछ। चुनाव नजिकिँदै गर्दा कस्लाई उम्मेदवार बनाउने भन्ने कुरामा अन्योल देखिन्छ। सोही अनुरूप त्यही पुरानै मान्छेलाई उभ्याउन उठाउन हामी साथ दिन्छौं। बरु अब्बल प्रतिनिधि उभ्याउन सक्यौं भने समाजमा परिवर्तनको आशामा बसेका जनताको अनुहारमा खुसी ल्याउन सकिन्थ्यो कि! जनताले चुनिरहेका जनप्रतिनिधिको पछाडि लागिरहेका कार्यकर्तासम्म नेताको अघि चुइँक्क बोल्न सक्दैनन्। अब उनीहरू बोल्नुपर्छ, सही नेतृत्वको पक्षमा उभिन सक्नुपर्छ, जान्नुपर्छ। उनीहरूलाई सल्लाह सुझाव दिनुपर्छ।

राजनीतिलाई मागीखाने भाँडो बनाएर समाज र जनता भाड्नु गलत हो। जनतामा राजनीतिक चेतनाको स्तर केही माथि उठेको जस्तो पनि देखिन्छ। त्यसैले अब दल र पार्टीभन्दा माथि उठेर व्यक्तिसँगै देशले जित्ने योग्य उम्मेदवार चयन गर्नुपर्छ। सहरी क्षेत्रमा बढ्दो सामाजिक सञ्जालको प्रयोग भएको देखिए पनि ग्रामीणमा भने मतदाता उम्मेदवारलाई देख्न भेट्न उनीहरूकै घरआँगनमा पुग्नुपर्छ। सोझा जनताको अमूल्य मत लिएर जनप्रतिनिधिले आफूलाई सत्तामा ल्याउन अनेकौं सपना बेचिरहेका छन्। अब सोझा जनताको भावनामा खेलवाड नगरौं।
नेताहरू गोजीमा देश बनाउने घोषणापत्र लिएर हिँडिरहेका छन्। चुनावी घोषणापत्र दलहरूको सिद्धान्त, उद्देश्य र योजना समेटिएको लिखित वाचा हो। त्यसैको आधारमा नागरिकहरूले आफ्ना मत दिन्छन्। दलहरूले मतदाता रिझाउनकै लागि पुरानै चुनावी घोषणापत्रमा विभिन्न सपना बुनेर आफूले उम्मेदवारी दिएको क्षेत्रमा निस्किएका छन्। जनता सामु ती कबुल गरेका संकल्पहरूलाई एउटा कागजको खोस्टो बनाई मतदातालाई झुक्याइरहेका हुन्छन्। उनीहरूको घोषणापत्र र भाषणमा गरिनेछ, छोडिनेछ, पुर्‍याइनेछ, बढाइनेछ यस्तै कैयौं शब्दले मतदातालाई भ्रममा पारिरहेका हुन्छन्। देश विप्रेषणमा आधारित छ, हामीसँग आर्थिक आधार र विभिन्न आर्थिक परिसूचक पर्याप्त बलिया पनि छैनन्। मुलुकको कहालीलाग्दो बेरोजगारी समस्या समाधान गर्न स्थानीय सरकारमार्फत नै सबै राजनीतिक दल आएका थिए।
अब भन्नुहोस्- प्रतिनिधिसभाको चुनावमा कुन दलका कस्ता कस्ता घोषणापत्र होलान् त! बेरोजगारी घटेर कहाँ पुग्ला ? जनताले परिवर्तनको अनुभूति गर्न पाउँलान् ? देशको बेरोजगारी हेर्न कहीँ पुग्नु पर्दैन कति लाख युवाले वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएका छन् भन्ने हेरे पुग्छ। विगतका चुनावी घोषणापत्रहरू राजनीतिक दलहरूले नै हावादारी प्रमाणित गरिदिएका छन्। अब त्यस्तो नहोस्। यो भनेको आफ्नो घुँडामा आफैं बन्चरो हानेसरह हो। अब त मतदाताले पनि जनप्रतिनिधिसँग जवाफ माग्ने हिम्मत गर्नुपर्छ। जनता आफैं बोल्न सिकौं, तर्क गरौं, आफूलाई पनि मतदातामात्रै होइन, समाजका लागि हामी पनि परिवर्तन चाहन्छौं भनेर सचेत नागरिकको परिचय दिन सिकौं। आफ्ना आवाज आफैं बुलन्द गर्न सिकौं। किनकि सचेत नागरिक हामी आफैं हौं। देशले जित्ने गरी आफ्नो उम्मेदवारलाई चुन्न र चिन्न सिकौं। अपूबाट

# सीमा सुरक्षा बैठकमा ढलेका सशस्त्रका एसपी घिमिरेको निधन

झापा, माघ २३ । मोरङको विराटचोकमा आयोजित नेपाल-भारत सीमा सुरक्षा बैठकका क्रममा बेहोस भएर ढलेका सशस्त्र प्रहरी बलका उपरीक्षक (एसपी) राजेश घिमिरेको निधन भएको छ।
नेपालको सशस्त्र प्रहरी बल र भारतको सीमा सुरक्षा बलका अधिकारी सम्मिलित डीआईजी तहको समकक्ष समन्वय बैठक चलिरहेका बेला शुक्रबार दिउँसो उनी बेहोस भएर ढलेका थिए।
सशस्त्र प्रहरी बल मोरङका प्रमुख घिमिरे बैठकमा सहभागी भइरहेकै बेला अचानक ढलेपछि उपचारका लागि मोरङकै बुढीगंगास्थित विराट शिक्षण अस्पताल पुऱ्याइएको थियो। उपचारकै क्रममा चिकित्सकले मृत



घोषित गरेका हुन्।
उच्च रक्तचापका कारण उनी ढलेको र बचाउन नसकिएको अस्पतालले जनाएको छ। बेहोस भएर ढल्ने क्रममा एसपी घिमिरेको जिब्रो काटिएको थियो। स्वास्थ्य अवस्था झन् बिग्रिँदै गएपछि सघन उपचारका लागि भेन्टिलेटरको सहायता लिइएको थियो। उनको शव अस्पतालको आकस्मिक कक्षमा राखिएको छ । आफन्त र परिवारका सदस्यलाई खबर भइसकेको अस्पतालले जनाएको छ।
सशस्त्र प्रहरी बल नम्बर १ बराह वाहिनी पकली सुनसरीका डीआईजी कुमार न्यौपानेले घटनाको पुष्टि गरेका छन्। 'बैठककै क्रममा उहाँ अचानक ढल्नु भएको थियो,' उनले भने, 'त्यसपछि तत्काल उपचारका लागि लगिएको भएपनि अस्पताल र चिकित्सकको प्रयास सफल भएन।'
नम्बर ३बाहिनी गाढीमाई मुख्यालय मकवानपुरमा सरुवा भएका घिमिरे शनिबार त्यता जाने तयारीमा थिए। तर, मोरङबाट बिदा हुनुअघि नै उनको निधन भएको हो।

# निर्वाचनको ४८ घण्टाअगावै सीमा नाका बन्द गरिने

झापा । फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेपाल-भारत सीमानाका ४८ घण्टाअगावै बन्द गरिने भएको छ ।
मोरङको विराटनगरमा सम्पन्न सशस्त्र प्रहरी बल नेपाल र भारत सशस्त्र सीमा बलबीचको १६औँ डिआइजीस्तरीय समन्वय बैठकले सो निर्णय गरेको सशस्त्र प्रहरीका प्रवक्ता विष्णुप्रसाद भट्टले जानकारी दिए ।
बैठकमा सीमा सुरक्षा, सूचनाको आदान-प्रदान, तेस्रो मुलुकका नागरिकको अवैध प्रवेश नियन्त्रण, मानव बेचबिखन, नक्कली मुद्रा, हातहतियार तथा लागूऔषध ओसारपसार नियन्त्रणलगायत विषयमा छलफल भएको थियो ।
समन्वय बैठकमा सीमास्तम्भको संरक्षण, यात्रु सहजीकरण, संयुक्त गस्ती, विपद् उद्धार अभ्यास तथा आपसी खेलकुद गतिविधि सञ्चालन गर्ने विषयमा समेत दुवै पक्षबीच छलफल भएको सशस्त्र प्रहरीले जनाएको छ ।




सीमाक्षेत्रका सम्भावित नाकाहरू पहिचान गरी त्यसबाट हुनसक्ने खतरा मूल्याङ्कन गर्ने, शरणार्थी र आप्रवासीहरूको गतिविधिउपर निगरानी राख्ने, विभिन्न तह बनाई नियमित चेकजाँच गर्न दुवै पक्षबीच सहमति भएको छ ।बैठकमा आपराधिक तत्वहरूबाट हुनसक्ने घुसपैठ कडाइका साथ नियन्त्रण गर्ने, सीमाक्षेत्रमा मादक पदार्थ विक्री वितरण र सेवनमा पूर्णतः बन्देज गर्नेलगायत विषयहरूमा समेत छलफल भएको सशस्त्र प्रहरीले जनाएको छ ।

बैठकमा सशस्त्र प्रहरी बल नेपाल नं १ बराह बाहिनी मुख्यालय सुनसरीका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक कुमार न्यौपानेले सीमा केवल दुई देशबीचको रेखा नभई मित्रताको प्रतीक भएको उल्लेख गरे। समकक्षी भारतीय सशस्त्र सीमा बलका डिआइजी सरोजकुमार ठाकुरले नेपाल-भारत सीमाक्षेत्रलाई आगामी दिनमा अझ मजबुत र बलियो बनाउने प्रतिबद्धता व्यक्त गरे ।

बैठकमा सशस्त्र प्रहरी नायब महानिरीक्षकहरू अन्जनीकुमार पोख्रेल, दिपेन्द्र शाह, कृष्ण ढकाल र मनिष थापा तथा भारतीय एसएसबीको तर्फबाट डिआइजी सरोजकुमार थाकुर, मन्जित सिंह, सुरेश सुब्रमनिम, राजेस टिक्कु र मनिष कुमारको समेत उपस्थिति थियो।

# मेघालयमा कोइलाखानी विस्फोटमा खोटाङका दाजुभाइसहित १८ जनाको मृत्यु

झापा, माघ २३ । भारतको मेघालयस्थित कोइलाखानीमा भएको विस्फोटमा परी खोटाङ बाराहपोखरी गाउँपालिका-१ का एउटै घरका दाजुभाइसहित १८ जनाको मृत्यु भएको छ । मेघालयस्थित उम्साङघाटमा सञ्चालित कोइलाखानीमा बिहीबार भएको विस्फोटमा





परी बाराहपोखरी गाउँपालिका-१ बाराहपोखरीस्थित सालघारीभञ्ज्याङ निवासी २७ वर्षीय पूर्णबहादुर खपाङ्गी मगर र उनका भाइ २४ वर्षीय सुरेन्द्र खपाङ्गी मगरको घटनास्थलमै मृत्यु भएको हो ।
वडाअध्यक्ष ढकबहादुर कार्कीका अनुसार उक्त घटनामा बाराहपोखरीस्थित भञ्ज्याङका ३५ वर्षीय नरबहादुर खपाङ्गी मगर, ४५ वर्षीय बमबहादुर खपाङ्गी मगर र ४० वर्षीय कर्णबहादुर खपाङ्गी मगर घाइते भएका छन् ।
उनीहरूमध्ये नरबहादुर र बमबहादुर गम्भीर रहेको समेत कार्कीले सुनाए । उक्त घटनामा उदयपुर साउनेका ललितबहादुर मगर पनि घाइते भएका छन् ।मेघालय पुगेर कोइलाखानीमा काम गर्ने ७ जनाको टोलीमध्ये बाराहपोखरीस्थित वालम्पाका ताराबल मगर मात्र सकुशल छन् । दुर्घटनाका मृतक तथा घाइतेहरू रोजगारीका लागि गत पुष ३ गते घरबाट मेघालय गएको आफन्तले जनाएका छन् ।
सो विष्फोटमा परी १८ जनाको मृत्यु भएको र ८ जना अझै हराइरहेका छन् । सो कोइलाखानी अवैधरुपमा संचालनमा रहेको थियो ।

यसैबीच भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले घटनाप्रति दुःख व्यक्त गर्दै मृतक परिवारलाई २ लाख र घाइतेलाई ५० हजार रुपैयाँ राहत सहयोग दिने घोषणा गरेका छन् ।

# दुर्गा प्रसाईं फेरि पक्राउ

काठमाडौं । बीएण्डसी अस्पतालका संचालक दुर्गा प्रसाईं काठमाडौंको चाल्नाखेलबाट पक्राउ परेका छन् । काठमाडौंबाट वीरगञ्ज जाने क्रममा उनलाई काठमाडौं प्रहरीले पक्राउ गरेको हो । उनले वीरगञ्जमा कार्यक्रम गर्ने तयारी गरिरहेका थिए । प्रहरीले उनलाई थप अनुसन्धानका लागि साइबर ब्युरोमा बुझाएको छ ।
राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानको नेतृत्व गरिरहेका प्रसाईंले वीरगन्जमा कार्यक्रम गर्ने योजना बनाए पनि उनलाई स्थानीय प्रशासनले अनुमति दिएको थिएन । प्रसाईंले भने अनुमति नपाए पनि घन्टाघरमा कार्यक्रम गर्ने अडान राखेका थिए ।



बिहीबार मात्रै अभियानका जनकपुर संयोजक विजय थापाले दुर्गा प्रसाईंको सम्बोधन हुने उक्तकार्यक्रमलाई 'विशाल नागरिक सभा' का रूपमा आयोजना गर्न लागिएको बताएका थिए । १९ माघमा दुर्गा प्रसाई चितवन पुगेका थिए । त्यहाँ उनले तोकिएको स्थानमा भन्दा फरक ठाउँमा कार्यक्रम गर्न थालेपछि प्रहरीले हस्तक्षेप गरेको थियो । प्रसाईलाई प्रहरीले पटक पटक पक्राउ गर्दै आएको छ ।

## इस्लामावादको मस्जिदमा आत्मघाती विस्फोट

# ३० जनाको मृत्यु, १३० भन्दा बढी घाइते

एजेन्सी । पाकिस्तानको राजधानी इस्लामावादस्थित एक शिया मस्जिदमा शुक्रबार भएको आत्मघाती बम विस्फोटमा परी कम्तीमा ३० जनाको मृत्यु हुनुका साथै १३० भन्दा बढी घाइते भएको वा हात र खुट्टामा समातेर वा उचाल्दै लगिएको छ । अस्पतालमा चिकित्सक र प्रत्यक्षदर्शीहरूले एम्बुलेन्स र गाडीहरूको पछाडिबाट रगतले लत्पतिएको कपडासहित पीडितहरूलाई उतार्न मद्दत गरेको



प्रहरीले जनाएको छ ।
पाकिस्तानका एक वरिष्ठ प्रहरी अधिकारीले समाचार समिति एएफपीसँग उपासकहरूले खचाखच भरिएको मस्जिदमा शुक्रबारको प्रार्थनापछि विस्फोट भएको बताएका छन् ।
उनले भनेका छन्- मस्जिदको गेटमा आक्रमणकारी आफैँले विस्फोट गराएका थिए । एएफपीका अनुसार पाकिस्तान इन्स्टिच्युट अफ मेडिकल साइन्सेज अस्पतालमा कैयौँ वयस्क र बालबालिकालाई स्ट्रेचरमा राखेर देखिन्थ्यो ।घाइतेका नजिकका साथी र आफन्तहरूको अस्पतालमा भिड लागेको छ ।
एएफपीका पत्रकारहरूको अर्को टोलीले मस्जिद बाहिर सशस्त्र सुरक्षा बलले घेरा हालेको जनाएको छ ।
पाकिस्तानका प्रधानमन्त्री शहबाज शरिफले विस्फोटमा संलग्नहरू पत्ता लगाएर न्यायको कठघरामा ल्याइने बताएका छन् । पाकिस्तान सुन्नी बहुल राष्ट्र हो तर त्यहाँ शिया समुदायको जनसंख्या १० देखि १५ प्रतिशत रहेको छ ।

# बुढासुब्बा गोल्डकपमा झापा ११ को विजयी सुरुवात



धरान । २६ औँ संस्करणको अन्तर्राष्ट्रिय आमन्त्रण बुढासुब्बा गोल्डकप फुटबल प्रतियोगिताको दोस्रो खेलमा झापा ११ विजयी भएको छ। झापाले भुटानको रोयल थिम्पु क्लबलाई २-० गोल अन्तरले पराजित गर्दै क्वार्टरफाइनलमा स्थान सुरक्षित गरेको हो।
शुक्रबार धरान-१६ स्थित रङ्गशालामा सम्पन्न खेलमा झापा ११ का लागि पहिलो हाफको ३५ औँ मिनेटमा सुनिल खड्काले गोल गर्दै टोलीलाई अग्रता दिलाएका हुन् । त्यसपछि दोस्रो हाफको १८ औँ मिनेटमा राजेश दाहालले थप एक गोल गर्दै झापाको जित सुनिश्चित गरे। खेलको 'म्यान अफ द म्याच' झापा ११ का राजेश दाहाल बने। उनले नगद १० हजार रुपैयाँ र ट्रफी प्राप्त गरे। प्रतियोगिताअन्तर्गत शनिबार हुने तेस्रो खेलमा प्लानिङ ब्वाइज युनाइटेड क्लब, काठमाडौँ र न्युरोड टिम (एनआरटी) बिच प्रतिस्पर्धा हुनेछ। प्रतियोगिताको विजेता टोलीले नगद १० लाख र उपविजेता टोलीले ५ लाख रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्। यस्तै, प्रतियोगिताको उत्कृष्ट खेलाडीलाई होन्डा डियो स्कुटर प्रदान गरिने छ।

# चुनावमा ड्रोनको प्रयोगमा प्रतिबन्ध लगाउने निर्णय

काठमाडौँ । गृहमन्त्री ओमप्रकाश अर्यालले निर्वाचनको सुरक्षा व्यवस्था चुस्त राख्न सुरक्षा निकायका प्रमुखहरूलाई निर्देशन दिएका छन्।
गृह मन्त्रालयमा शुक्रवार केन्द्रीय सुरक्षा समितिको बैठकमा मन्त्री अर्यालले सुरक्षाको मामलामा कुनै कमजोरी हुन नदिन हाई अलर्टमा रही काम गर्न



मन्त्रालय मातहतका सुरक्षा निकायलाई निर्देशन दिए।
बैठकले निर्वाचन तयारी सम्बन्धमा विगतका बैठकले गरेको निर्णय कार्यान्वयनको अवस्थाको समिक्षा गरी निर्वाचन नजिकिँदै गर्दा आउनसक्ने थप सुरक्षा चुनौतीहरुलाई चिर्न अवलम्बन गरिनुपर्ने रणनीतिबारे समेत मार्गनिर्देश तय गरेको छ।
गृह मन्त्रालय र रक्षा मन्त्रालयका सचिव तथा चार वटै सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि रहने केन्द्रिय सुरक्षा समितिको बैठकले निर्वाचनलाई लक्षित गरी कार्यान्वयनमा रहेको एकीकृत निर्वाचन सुरक्षा योजना-२०८२ बमोजिम जिम्मेवार निकायहरूले सम्पादन गरिरहेका कार्यहरू, जनशक्ति परिचालन तथा बन्दोबस्तीको योजनाका बारेमा समीक्षा गरेको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले बताए।
बैठकले सामाजिक सञ्जालको दुरुपयोग रोक्न नेपाल प्रहरीले संचालनमा ल्याएको अध्याधुनिक युनिटलाई थप प्रभावकारी बनाउने, निर्वाचन विरोधी गतिविधि गर्नेलाई कानूनी दायरामा ल्याई कारबाही गर्ने, निर्वाचनमा ड्रोनको प्रयोग गर्न प्रतिबन्ध लगाउने निर्णय पनि गरेको छ।

यस्तै निर्वाचनमा खटिएका सुरक्षाकर्मी र निर्वाचन प्रहरीको बीमा गर्ने, सञ्चार सम्पर्क नहुने मतदानस्थलको पहिचान गरी आवश्यक व्यवस्था गर्ने, निर्वाचन आचारसंहिताको उल्लङ्घन हुने गरी मिथ्या/भ्रमपूर्ण सूचना र घृणास्पद अभिव्यक्ति दिने व्यक्तिको निगरानी गर्नेलगायतका निर्णय गरेको प्रवक्ता काफ्लेले जानकारी दिए।

# नाइट लाइफ डान्सबारका संचालक पक्राउ

झापा, माघ २३ । बिर्तामोड १ पश्चिम बस स्टेन्डनजिक रहेको नाइट लाइफ डान्सबारका संचालकलाई प्रहरीले पक्राउ गरेको छ ।

बिहीवार राति ११;५० बजे नाइट लाइफ डान्सबार रातको अबेरसम्म खुल्ला रहेको भन्दै इलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको प्रहरी नायव निरीक्षक जबरबहादुर बस्नेतको टोलीले सोही डान्सबारका संचालक बिर्तामोड ४ बस्ने ३२ वर्षीय भरत राजवंशीलाई नियन्त्रणमा लिएको हो । उनलाई इप्रका बिर्तामोडमा राखिएको छ ।
प्रहरीले बिर्तामोडका डान्सवारहरुमाथि कडाई गर्दै आएको छ । तर, प्रतिष्ठित व्यक्तिले चलाएको डान्सवारलाई भने अबेर रातिसम्म संचालन गर्न दिएको गुनासो पनि रहेको छ ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ